सम्बत् २०७७ साल फागुन  गते शुक्रबार बसेको मुसिकोट नगर कार्यपालिका बैठकका निर्णयहरु

आर्थिक बर्ष २०७७।०७८ बैठक संख्या ६

| क्र. सं. | बिषयगत शाखा / उपशाखा / ईकाइ | निर्णयको संक्षिप्त ब्यहोरा |
|---|---|---|
| १. | योजना अनुगमन तथा प्रशासन शाखा | १. स्थानीय तहको निर्वाचन पछि आर्थिक बर्ष २०७४।०७५, २०७५।०७६ र २०७६।०७७ सम्म भएका कामकाजहरुको विवरण तयार गरी प्रगति पुस्तिकाको रुपमा प्रकाशन गर्ने कामको लागि वडा कार्यालय तथा विभिन्न शाखा उपशाखाले आफुले गरेका कामको विवरण तयार गरी सूचना प्रविधि शाखामा पेश गर्ने र सोको लागि आवश्यक ढाँचा तयार गरी नगरपालिकाले उपलव्ध गराउने ।<br>२. नेपाल सरकार शहरी विकास तथा भवन निर्माण विभाग र यस नगरपालिका बीच हुने सम्झौता पछि सन्चालन हुने नेपाल शहरी शासकीय तथा पूर्वाधार आयोजना अन्तर्गत आयोजनाको मिति २०७७।११।२३ गतेको च.नं. १०० को प्राप्त पत्रानुसार Community Development Program अन्तर्गत यूवा केन्द्रित Digital Library, हाटबजार सुधार, सार्बजनिक शौचालय, सामुदायिक बसपार्क सुधार र पार्क निर्माण मध्येबाट वडाहरुले श्रममुलक योजनाहरु छनौट गरी पठाउने र सो कार्यक्रमका लागि कार्यक्रम संयोजक योजना, प्रशासन तथा अनुगमण शाखा प्रमुख र सम्पर्क व्यक्ति रोजगार संयोजकलाई जिम्मेवारी दिने ।<br>३. सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत नगरपालिकालाई प्राप्त भएको बजेट रकम रु ३५,०९,००० लाई सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ अनुसार हुनेगरी सन्चालन गर्न वडा कार्यालयबाट प्राप्त भएका लाभग्राहीहरु छनौट गर्न योजना, प्रशासन तथा अनुगमण शाखालाई जिम्मेवारी दिने र छनौट भएका लाभग्राहीहरुसँग अनुदान सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने र बाँकि लाभग्राहीहरुको लागि अनुदान रकम सम्वन्धित निकायमा माग गर्ने ।<br>४. नगरपालिका अन्तर्गत रहेका खानेपानीका मुहान लगायत खानेपानी वितरणसम्मको प्रक्रियाको परिक्षण गर्ने कामका लागि संघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना, सुर्खेतको सहकार्यमा गर्ने र वडा कार्यालयहरुले वडा क्षेत्र भित्र रहेका मुहानहरुको विवरण तयार गरी वडा कार्यालयहरुले १५ दिन भित्र  नगरपालिकामा पेश गर्ने ।<br>५. कर्णाली प्रदेश सरकारले आगामि आर्थिक बर्ष २०७८।०७९ को लागि समपूरक तथा विशेष अनुदानका आयोजना तथा कार्यक्रमहरुको प्रस्ताव आह्वान अनुसार सम्वन्धित कार्यविधि अनुसार प्रस्ताव गर्ने गरी तपशिल अनुसार योजना तथा कार्यक्रम छनौट गरी |

नगरपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली, प्रदेश, नेपाल २०७३

०६६ ।१२।०९

नि. प्रमुख प्रशासकीय अधिकृत

मुसिकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मुसिकोट रुकुम (पश्चिम)
कर्णाली, प्रदेश, नेपाल
२०७३

प्रस्ताव गर्ने ।

तपशिल

**समपूरक अनुदान**

१. मठ डिग्रे भण्डारीकाँडा सडक स्तरोन्नति

२. छिवागं ज्युला दोपाई बागखोर सतिपोले सडक स्तरोन्नती

३. मुसिकोट नगर भित्रका कच्चि भवन भएका विद्यालयहरुको भवन निर्माण योजना

**विशेष अनुदान**

**१. एक घर एक खानेपानी आयोजना निर्माण मुसिकोट १२**

**२. एक घर एक खानेपानी आयोजना निर्माण मुसिकोट १३**

**३. छिवाङ्ग स्वास्थ्य चौकि भवन निर्माण मुसिकोट १४**

६. नगरपालिका तथा वडा कार्यालयका लागि आवश्यक पर्ने मोवाईल नम्वर क्रम संख्या अनुसार उपलब्ध गराउन नेपाल टेलिकम शाखा कार्यालय रुकुम पश्चिमलाई अनुरोध गर्ने र सोको लागि आवश्यक रकम संचार खर्चमा विनियोजित रकमबाट खर्च गर्ने ।

७. संघीय सरकार तथा प्रदेश सरकारका विभिन्न निकाय तथा कार्यालयमा तपशिल अनुसारका योजना माग गरी पठाउने ।

**लामो तरिको झोलुङ्गे पुल सि.नं. १, २ संघीय सरकार र सि.नं. ३,४ प्रदेश सरकार**

१. डेलडाँडा गलमपाटी झोलुङ्गे पुल १० नं. वडा

२. त्रिसिङ्ग नाप्चाखोला झोलुङ्गे पुल ८ नं. वडा

३. सेरीगाऊँ कोट,चौतारा झोलुङ्गे पुलवडा नं. ४ र ५

४. मठ सल्ले झोलुङ्गे पुल १ नं.वडा

**छोटो तरिको झोलुङ्गे पुल**

१. त्रिवेणी ट्याखोला पावरहाउस झोलुङ्गे पुल वडा नं.४, ६ र ११

२. खलटाकुरा मानपुर झोलुङ्गे पुल वडा नं. ९

३. दलाखेत धागेछरी झोलुङ्गे पुल वडा नं. ४ र ११

४. जोगिखोरिया बोजेरी झोलुङ्गे पुल वडा नं. १०

५. जुम्लावांग सिमखेत झोलुङ्गे पुल वडा नं. १२

६. पैयाबोट गौराबजार झोलुङ्गे पुल वडा नं. ३

७. चौखावागं फल्लेगैरा झोलुङ्गे पुल वडा नं. ९

८. घट्टेखोला पातल झोलुङ्गे पुल वडा नं. ८

९. धागेचरी झोलुङ्गे पुल वडा नं. १३ र १४

१०. हरले पाङराङ झोलुङ्गे पुल वडा नं. १२

११. राजापानी झोलुङ्गे पुल वडा नं. १

१२. ओखरगार ज्यामिरखोला झोलुङ्गे पुल वडा नं. ३

नि. प्रमुख प्रशासकीय अधिकृत

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली, प्रदेश, नेपाल २०७३

| | | |
|---|---|---|
| | | १३. झिमडाँडा गोठखोला झोलुङ्गे पुल वडा नं. १४<br>१४. कोलटाकुरा बोहरागाउँ झोलुङ्गे पुल वडा नं. ४ र ५<br>१५. कैलदेउ सुन्दरीचौर झोलुङ्गे पुल वडा नं. १<br>१६. पारेपिपलबोट झोलुङ्गे पुलवडा नं. १२<br>१७. रागमेला झोलुङ्गे पुल वडा नं. ७<br>**सडक पुल**<br>१. पाछिवागं सडकपुल वडा नं. ४ र ११<br>२. झुलखेत सडक पुल वडा नं. ९ र ११<br>३. स्याउलिबजार सडक पुल वडा नं. ११<br>४. छिवागंज्युला सडक पुल वडा नं. १३ र १४<br>५. घिउखोला तल्लो सडक पुल वडा नं. ३<br>६. घिउखोला उपल्लो सडक पुल वडा नं. ३<br>७. घट्टखोला सडक पुल वडा नं. ८<br>८. दोपाई सडक पुल वडा नं. १३ र १४<br>९. पातुखोला सडक पुल वडा नं. १<br>१०. बान्नेचौर सडक पुल वडा नं. २ र ३<br>११. दोमईखोला सडक पुल वडा नं. १२<br>**८.** आठौं नगरसभा मिति २०७७१२११७ गतेका दिन गर्ने गरी आवश्यक तयारी गर्ने । |
| २. | आर्थिक विकास शाखा | **१.** भूमि सम्बन्धी समस्या समाधान आयोगको प्रयोजनार्थ भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धि कार्यविधि,२०७७ को दफा ५ उपदफा २ (ख) मा व्यवस्था भए बमोजिम यस नगरपालिकाको देहाय बमोजिमको बस्तीको तहगत क्षेत्र निर्धारण गर्ने ।<br>**देहाय**<br>क. शहरी क्षेत्रः नरहेको<br>ख. शहरोन्मुख क्षेत्रः १ नं. वडाको खलंगा, सल्ले, ४ नं. वडाको सोलावाङ्ग र ५ नं. वडाको सेरीगाँउको बजार क्षेत्र ।<br>ग. ग्रामीण क्षेत्रः ख उल्लेखित शहरोन्मुख बाहेकको क्षेत्र सबै । |
| ३. | पशु सेवा शाखा | **१.** पशु अस्पताल तथा पशु सेवा कार्यालय रुकुम पश्चिमको कार्यालयबाट यस नगरपालिका क्षेत्रका सहकारी समुह मार्फत भैंसी खरिद कार्यक्रमका लागि विनियोजित रकम र नगरपालिकालाई प्राप्त लागत साझेदारीमा भैंसी प्रवर्द्धन कार्यक्रममा विनियोजित बजेटबाट भैंसी खरिद गर्ने कामका लागि यस अगाडी नगरपालिकाले गरेको खरिद ठेक्का बमोजिम भैंसी खरिद नभएको हुँदा मन्जू डेरी तथा गाई भैसी पालन केन्द्र धनगढी–३, कैलाली, के.सी. डेरी तथा गाई भैंसी पालन धनगढी–३, बडहरा र श्री जे.डि.पि.एन. एग्रो कन्सर्न प्रा.लि. वेदकोट न.पा.–७, कन्चनपुरले पशु |

२०७८।१२।०१
नि. प्रमुख प्रशासकीय अधिकृत

| | | |
|---|---|---|
| | | अस्पताल तथा पशु सेवा कार्यालय मार्फतबाट प्राप्त दररेटलाई आधारमानी आवश्यक दररेट निर्धारण गरी १५ दिनको सूचना प्रकाशन गरि बोलपत्र मार्फत खरिद गर्ने गरी आवश्यक व्यवस्था गर्न पशु सेवा शाखालाई जिम्मेवारी दिने र लागत साझेदारीमा बाखापालन प्रवर्द्धन कार्यक्रमको पनि पुनः दररेट माग गरी सोही अनुसार गर्ने । |
| ४ | कानुन शाखा | १. सामुदायिक कृषि प्रसार सेवा केन्द्र स्थापना तथा सन्चालन कार्यविधि, २०७७ सर्वसम्मत रुपमा पारित गरियो । |
| ५. | आर्थिक प्रशासन शाखा | १. यस आर्थिक बर्षमा अन्तिम लेखापरिक्षणको प्रारम्भिक प्रतिवेदनमा समावेश भएका वेरुजुहरुको अध्ययन गरि बेरुजुको प्रकृति अनुसार अन्तिम प्रतिवेदन प्रकाशित हुनु अगावै सम्वन्धित आर्थिक कार्यविधि ऐन नियमावली अनुसार फर्छ्यौट गरी सम्परिक्षण गर्ने व्यवस्था मिलाउने । फरफारक रहेका योजनाको हकमा फरफारक रहेको रकमले खाम्नेसम्मको बेरुजु दाखिला गर्ने र फरफारकले नखाम्ने बेरुजु रकमको हकमा पुनः एकपटक कामको मुल्यांकन गरी नपुग काम सम्वन्धित उपभोक्ता तथा श्रमसहकारीहरुलाई गर्न लगाई असुल फर्छ्यौट गर्ने सो कामका लागि तपशिल अनुसारको समिति गठन गर्ने ।<br>**तपशिल**<br>प्रशासकीय अधिकृत नरवीर खड्का –संयोजक<br>इन्जिनियर पहल बहादुर पुन –सदस्य<br>आलेप अधिकृत प्रेमबहादुर गिरी –सदस्य<br>लेखापाल प्रेमबहादुर खड्का –सदस्य<br>सह लेखापाल केदार शर्मा –सदस्य |

मुसिकोट नगरपालिका नगर कार्यपालिकाको कार्यालय मुसिकोट रुकुम (पश्चिम) कर्णाली प्रदेश, २०७३

७८।१२।०९
नि. प्रमुख प्रशासकीय अधिकृत